# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, ज्येष्ठ २१ गते, २०७७ साल (अतिरिक्ताङ्क ४

## भाग २

प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

<u>प्रादेशिक संचार प्रतिष्ठान (गठन, संचालन तथा व्यवस्थापन) नियमावली, २०७७</u>

प्रदेश स्वायत संस्था गठन ऐन, २०७६ को दफा १० ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १, प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "**प्रादेशिक संचार प्रतिष्ठान नियमावली,** २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"ऐन"** भन्नाले प्रदेश स्वायत संस्था गठन ऐन, २०७६ सम्झनु पर्छ।

(ख) **"कडा रोग"** भन्नाले मृगौला रोग, मुटुरोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, कलेजो, आप्लाष्टिक एनिमिया, थालिसिमिया तथा मश्तिष्कघात रोगलाई सम्झनु पर्छ ।

(ग) **"कार्यकारी निर्देशक"** भन्नाले नियम ९ को उपनियम (१) बमोजिमका कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "**नियमावली**" भन्नाले प्रादेशिक संचार प्रतिष्ठान नियमावली, २०७७ सम्झनु पर्छ।

(ङ) **"प्रतिष्ठान"** भन्नाले नियम ३ बमोजिम स्थापना भएको प्रादेशिक संचार प्रतिष्ठान सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(छ) **"समिति"** भन्नाले नियम ६ बमोजिम गठित समिति सम्झनु पर्छ।

## परिच्छेद-२
## प्रतिष्ठानको स्थापना तथा उद्देश्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

३. **प्रतिष्ठानको स्थापनाः** (१) प्रदेशको संचार क्षेत्रमा अध्ययन अनुसन्धान तथा पत्रकारहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यको सञ्चालन तथा व्यवस्थापन गर्न एक प्रादेशिक संचार प्रतिष्ठानको स्थापना गरिने छ।

(२) प्रतिष्ठानको नाम "प्रादेशिक संचार प्रतिष्ठान प्रदेश नं. १" रहनेछ।

(३) प्रतिष्ठानको कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ।

४. **प्रतिष्ठान संगठित संस्था हुनेः** (१) प्रतिष्ठान एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

तर अचल सम्पत्तीको बेचबिखन गर्न प्रदेश सरकारको स्वीकृती लिनु पर्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ।

५. **प्रतिष्ठानको उद्देश्यः** प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) संचारकर्मीको पेशागत दक्षता अभिवृद्धिसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) प्रदेश भित्र कार्यरत रहेका पत्रकारको आर्थिक, सामाजिक, शैक्षिक, तथा सांस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरी पत्रकारको सर्वाङ्गिण विकास गर्ने,

(ग) पत्रकारीता पेशाको संरक्षण तथा प्रवर्द्धन गर्ने,

(घ) प्रदेशको आम संचारको विकासका लागि अनुसन्धानको कार्य गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(ङ) प्रदेश भित्र कार्यरत संचारकर्मीलाई आवश्यकता अनुसार प्रशिक्षणको व्यवस्था गर्ने,

(च) पत्रकारिता प्रशिक्षण कार्यलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान तथा परामर्श सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने,

(छ) शिक्षण तथा प्रशिक्षण कार्यक्रम संचालन गर्नका लागि आवश्यक पाठ्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने,

(ज) विषय मिल्ने विश्वविद्यालय र प्राविधिक शिक्षालय सँग सहकार्य गर्ने,

(झ) पत्रकार आचारसंहिता कार्यान्वयनको लागि आवश्यक सचेतना कार्यक्रम संचालन गर्ने,

(ञ) पत्रकारको आर्थिक सुरक्षा तथा पेशागत व्यावसायिकता अभिवृद्धिमा सहयोग पुर्याउने,

(ट) प्रदेश सरकारले तोकेको आम संचार सम्बन्धी अन्य कार्य गर्ने ।

## परिच्छेद-३
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **समितिको गठन**ः (१) प्रादेशिक संचार प्रतिष्ठानको संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको संचालक समिति रहनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रदेश पत्रकार महासघंको अध्यक्ष - सदस्य

(ङ) कम्तिमा पैत्तीस बर्ष उमेर पुरा भई मान्यता प्राप्त विश्वविद्यालयबाट स्नात्तक उपाधि हासिल गरी व्यवस्थापन



आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

वा पत्रकारिता वा प्रशिक्षण क्षेत्रमा पाँच बर्ष कार्य अनुभव भएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित चार जना - सदस्य

(च) प्रतिष्ठानको कार्यकारी निर्देशक - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ङ) बमोजिमका सदस्यको पदावधि चार बर्षको हुनेछ ।

७. **<u>समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा सदस्य सचिवले बोलाउनेछन ।

(२) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको निर्णय सदस्य सचिवले अभिलेख गरी प्रमाणित गर्नेछ र निर्णयको अभिलेख प्रति मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संचार सम्बन्धी प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा र स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(घ) संचारकर्मीलाई उपयुक्त प्रशिक्षण कार्यक्रमहरू संचालन गराउने,

(ङ) संचारकर्मीका समस्याहरु र तिनका समाधानका उपायहरु बारेमा समय समयमा सभा, गोष्ठी एवं सम्मेलनको आयोजना गर्ने/ गराउने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ४

(च) संचारकर्मीको दक्षता अभिवृद्धि गर्न शिक्षण तथा प्रशिक्षण कार्यक्रम सम्बन्धी पाठ्यक्रम स्वीकृत गर्ने,

(छ) विषय मिल्ने विश्वविद्यालय तथा प्राविधिक शिक्षालय सँग सहकार्य गर्ने,

(ज) पत्रकार आचारसंहिता कार्यान्वयनको लागि आवश्यक सचेतना कार्यक्रम संचालन गर्ने/गराउने,

(झ) पत्रकारिता, विकास, सुशासन तथा सुचनाको हक सम्बन्धमा गोष्ठि, अन्तरक्रिया, अध्ययन भ्रमण, पत्रकारहरुका लागि लेखनवृति कार्यक्रम र विषयगत सम्मेलन आयोजना गर्ने,

(ञ) अनुसन्धान तथा परामर्श सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने/ गराउने,

(ट) प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन गर्ने,

(ठ) प्रशिक्षणलाई कार्यक्रममूलक तथा व्यावहारिक बनाउन विभिन्न क्षेत्रमा अनुभवी व्यक्तिहरुको सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(ड) अध्ययन तथा अनुसन्धान सम्बन्धी आवश्यक मापदण्ड तोक्ने,

(ढ) प्रतिष्ठानले पत्रकारीता पेशा सम्बन्धी क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक तथा प्रशिक्षक सहयोगीहरुको छनौट सम्बन्धी मापदण्ड तयार गरी सो अनुसार रोष्टर तयार गर्ने,

(ण) कोषको संरक्षण तथा व्यवस्थापन गर्ने,

(त) पत्रकार सुरक्षा सहायता रकम निर्धारण गरी उपलब्ध गराउने,

(थ) प्रतिष्ठानसँग सम्बन्धित अन्य काम गर्ने ।

## परिच्छेद-४

## कार्यकारी निर्देशकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.

९. **कार्यकारी निर्देशक:** (१) प्रतिष्ठानको दैनिक प्रशासनिक कार्य सञ्चालन र प्रतिष्ठानद्वारा गरिने कार्य सम्पादन गर्न प्रतिष्ठानमा एक कार्यकारी निर्देशक रहनेछ ।

(२) कार्यकारी निर्देशक प्रतिष्ठानको पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(३) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यकारी निर्देशकको पदमा नियुक्त हुन सक्नेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट पत्रकारिता बिषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी पत्रकारिता सम्बन्धी काममा कम्तिमा पाँच बर्ष अनुभव प्राप्त गरको वा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरी पत्रकारिता सम्बन्धी काममा कम्तिमा दश बर्ष अनुभव प्राप्त गरेको,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको,

(घ) कुनै विदेशी मुलुकको आवासीय अनुमति प्राप्त नगरेको र

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको।

१०. **छनौट सम्बन्धी व्यवस्थाः** (१) नियम ९ बमोजिमको कार्यकारी निर्देशकको नियुक्ति गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछः-

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – संयोजक

(ख) सचिव, प्रदेश लोकसेवा आयोग – सदस्य

(ग) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय – सदस्य सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपनियम (१) बमोजिमको छनौट समितिको सचिवालय मन्त्रालय हुनेछ ।

(३) उपनियम (१) बमोजिमको छनौट समितिले कार्यकारी निर्देशकको पदमा काम गर्ने योग्यता प्राप्त इच्छुक व्यक्तिलाई आवेदनका लागि कम्तिमा सात दिनको सूचना प्रकाशन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र इच्छुक उम्मेदवारले छनौट समितिको सचिवालयमा नियम ९ को उपनियम (३) बमोजिमका कागजातहरुको प्रतिलिपि सहित निवेदन पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम निवेदन दिने उम्मेदवारहरु मध्येबाट छनौट समितिले योग्यतम तीन जना उम्मेदवारको नाम मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(६) कार्यकारी निर्देशकको छनौट सम्बन्धी अन्य कार्यविधि छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. <u>कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी व्यवस्थाः</u> (१) नियम १० बमोजिम सिफारिस गरिएको उम्मेदवारहरुमध्येबाट एक जनालाई प्रदेश सरकारले कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार बर्षको हुनेछ।

(३) उपनियम (१) बमोजिम नियुक्त व्यक्ति पुनः अर्को एक कार्यकालका लागी नियुक्त हुन सक्नेछ।

(४) उपनियम (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकले मन्त्रालयको सचिव सँग कार्य सम्पादन करार गरे पश्चात आफ्नो कार्य प्रारम्भ गर्नेछन्।

१२. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u> कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको प्रशासनिक प्रमुखको रुपमा रही दैनिक कार्य संचालन गर्ने,

(ख) प्रतिष्ठानको प्रशासकीय काम, कारवाहीलाई व्यवस्थित गर्ने,

(ग) अल्पकालीन,बार्षिक तथा दीर्घकालीन योजना तथा बार्षिक कार्यक्रम तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(घ) समितिबाट स्वीकृत योजना र बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने,

(ङ) प्रतिष्ठानको प्रगति विवरण त्रैमासिक रुपमा समिति समक्ष पेश गर्ने,

(च) मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक तथा प्रशिक्षक सहयोगीको रोष्टर तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) संचारकर्मीको दक्षता अभिवृद्धि गर्न शिक्षण तथा प्रशिक्षण कार्यक्रम सम्बन्धी पाठ्यक्रम निर्माण गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(ज) पत्रकार आचारसंहिता कार्यान्वयनको लागि आवश्यक सचेतना कार्यक्रम संचालन गर्ने,

(झ) आम संचार क्षेत्रको खोज अनुसन्धानको कार्य गर्ने/गराउने,

(ञ) संचारकर्मीलाई शिक्षण तथा प्रशिक्षण कार्यक्रम संचालन गर्ने,

(ट) पत्रकार सुरक्षा सहायताका लागि समिति समक्ष पेश गर्ने,

(ठ) प्रतिष्ठान सम्बन्धी अन्य कार्यहरु गर्ने।

१३. <u>पारिश्रमिक र सुविधाः</u> (१) कार्यकारी निर्देशकको पारिश्रमिक र सेवा, सुविधा अधिकृतस्तर नवौं तह वा सो सरहको हुनेछ।

(२) समितिका अध्यक्ष तथा सदस्यले प्रचलित प्रदेश कानून बमोजिमको बैठक भत्ता पाउने छन् र नियम ६ को उपनियम (१) को खण्ड



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(घ) र (ङ) बमोजिमका सदस्यले प्रचलित कानून बमोजिम यातायात खर्च पाउने छन् ।

(३) प्रशिक्षकको सेवा सुविधा प्रचलित प्रदेश कानून बमोजिम समितिले तोके बमोजिम हुनेछ ।

१४. <u>पद रिक्त हुने अवस्थाः</u> (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) नियम ९ को उपनियम (३) बमोजिमको योग्यता नभएमा, वा

(ख) निजले दिएको राजीनामा प्रदेश सरकारबाट स्वीकृत भएमा, वा

(ग) निजको मृत्यु भएमा, वा

(घ) पैसठ्ठी बर्ष उमेर पूरा भएमा वा

(ङ) निजको पदावधि समाप्त भएमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको कार्यसम्पादन सन्तोषजनक नभएमा मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद - ५
## <u>प्रतिष्ठानमा रहने कोष, लेखा तथा लेखापरीक्षण</u>

१५. <u>कोष सम्बन्धी व्यवस्थाः</u> (१) प्रतिष्ठानको नियमीत कार्य तथा विभिन्न कार्यक्रम संचालन गर्न एक कोष रहनेछ र त्यस्तो कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,
(ग) स्थानीय तहबाट प्राप्त रकम,
(घ) कुनै व्यक्ति वा संस्थाबाट सहायता स्वरुप प्राप्त रकम,
(ङ) प्रतिष्ठानले सेवा उपलब्ध गराए बापत प्राप्त रकम,
(च) अन्य कुनै स्रोतबाट सम्बन्धित कोषमा जम्मा हुने गरी प्राप्त रकम।

१६. <u>पत्रकार सुरक्षा कोष सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश भित्र कार्यरत आम संचार सँग सम्बन्धित पत्रकारको सुरक्षाका लागि खर्च गर्नेगरी प्रतिष्ठानमा एक छुट्टै पत्रकार सुरक्षा कोष रहनेछ । त्यस्तो कोषबाट नियम १९ बमोजिमको कार्यमा मात्र खर्च गरीनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,
(ख) स्थानीय तहबाट प्राप्त रकम,
(ग) कुनै व्यक्ति वा संस्थाबाट सहायता स्वरुप प्राप्त रकम,
(घ) अन्य कुनै स्रोतबाट सम्बन्धित कोषमा जम्मा हुने गरी प्राप्त रकम ।

१७. <u>कोष संचालन सम्बन्धी व्यवस्थाः</u> (१) प्रतिष्ठानलाई सम्बन्धित कोष खुलाई वा नखुलाई प्राप्त भएको रकम नियम १५ बमोजिमको संचार प्रतिष्ठान कोषमा जम्मा गरिनेछ र पत्रकार सुरक्षा कोषमा जम्मा हुने गरी खुलाई प्राप्त भएको रकम नियम १६ बमोजिमको कोषमा जम्मा हुनेछ।

(२) प्रतिष्ठानको नियम १९ बमोजिम हुने खर्च बाहेकका सबै खर्च नियम १५ बमोजिमको संचार प्रतिष्ठान कोषबाट मात्र व्यहोर्नु पर्नेछ ।

(३) नियम १५ र १६ बमोजिमको कोषमा रहने रकम प्रतिष्ठानले तोकेको बैंक तथा वित्तिय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम वित्तिय कारोबार गर्न संस्थापना भएको "क" वर्गको इजाजत प्राप्त बैंकमा अलग अलग खाता खोली जम्मा गरिनेछ ।

(४) नियम १५ र १६ बमोजिमको प्रतिष्ठानको कोषको सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र प्रतिष्ठानको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) नियम १५ र १६ बमोजिमको कोषमा जम्मा भएको रकममध्ये आंशिक वा पूरैं रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै अविछिन्न रहनेछ।

१८. <u>पत्रकार सुरक्षा कोषबाट सहायता प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरुः</u>

(१) नियम १६ बमोजिमको पत्रकार सुरक्षा कोषबाट सहायता प्राप्त गर्न प्रदेश नं. १ मा कार्यरत पत्रकारले देहायका कागजात सहित प्रतिष्ठानमा अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ।

(क) नेपाली नागरिकताको प्रतिलिपी,

(ख) सूचना विभागबाट जारि गरिएको प्रेस परिचयपत्रको प्रतिलिपी र नेपाल पत्रकार महासंघले प्रदान गरेको सदस्यताको प्रतिलिपी,

(ग) दुर्घटना भएको प्रमाण, वा

(घ) कडा रोग तथा अन्य रोगको उपचार गराएकोमा मान्यता प्राप्त अस्पतालको विशेषज्ञको प्रेस्कृप्सन तथा सिफारिस, वा

(ङ) पत्रकारीता सम्बन्धी आफ्नो कार्य सम्पादन गर्ने शिलसिलामा दुर्घटनाको कारण मृत्यु भएको पत्रकारको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी,

(२) उपनियम (१) बमोजिमका कागजातका साथ प्रदेश पत्रकार महासंघको व्यहोरा खुलेको सिफारिस पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

१९. <u>पत्रकार सुरक्षा सहायता</u>: (१) प्रदेशमा कार्यरत पत्रकारलाई दुर्घटना, उपचार जस्ता अवस्थामा आर्थिक सुरक्षा प्रदान गर्न नियम १६ बमोजिमको पत्रकार सुरक्षाकोषबाट नियम ६ बमोजिमको समितिले नियम १८ बमोजिम पेश भएका



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

कागजातहरुको आधारमा निर्णय गरी देहाय बमोजिमको सहायता रकम उपलब्ध गराइनेछः–

(क) पत्रकारले आफ्नो कार्य सम्पादन गर्ने शिलसिलामा मृत्यु भएमा निजको श्रीमान् वा श्रीमती अथवा एकासगोलको हकवालालाई किरिया खर्च बापत पच्चिस हजार रुपैयाँसम्म तथा सहायता बापत बढीमा पचहत्तर हजार सम्म,

(ख) पत्रकारले आफ्नो कार्य सम्पादन गर्ने शिलसिलामा दुर्घटनामा परि चोटपटकको कारणले न्यूनतम् सात दिन उपचारार्थ बेड भर्ना भएकोमा एकलाख रुयैंयासम्म,

(ग) अन्य घटना वा दुर्घटनामा परि पुनः पेशामा फर्किन नसक्ने गरी अङ्गभङ्ग भएकोमा पारिवारिक आर्थिक अवस्था हेरी पाँचलाख रुपैंयासम्म आर्थिक सहायता उपलब्ध गराउने,

(घ) कडा रोग लागेमा अनुसूची-२ बमोजिमको उपचार सहुलियत रकम उपलब्ध गराउने,

(२) उपनियम (१) मा जुनसुकै व्यवस्था गरिए तापनि पत्रकारिता सम्बन्धी कामको सिलशिलामा बाहेक जोखिम छ भन्ने जानी जानी काम गरेको कारणले चोटपटक लागेको वा घाइते भएको वा आत्महत्या वा सोको प्रयास गर्दा घाईते भएको, मादक पदार्थ वा लागू औषधको प्रभावको कारणले कुनै घटना घटेको भएकोमा यस कार्यविधि बमोजिमको सहायता उपलब्ध गराईने छैन।

२०. <u>लेखा तथा लेखा परीक्षणः</u> (१) नियम १५ र १६ बमोजिमको कोष तथा प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) नियम १५ र १६ बमोजिमको कोष तथा प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण समितिले छनौट गरेको रजिष्टर्ड लेखापरीक्षकबाट गरिनेछ ।

(३) नियम १५ र १६ बमोजिमको कोष तथा प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले नियम १५ र १६ बमोजिमको कोष तथा प्रतिष्ठानको आय व्ययको लेखा तत् सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद - ६
## विविध

२१. **जनशक्ति सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानका लागि आवश्यक जनशक्तिको दरबन्दी समितिको सिफारिसमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको दरबन्दीमा जनशक्तिको पदपूर्ति तथा सेवा, शर्त र सुविधा प्रदेश सरकारद्धारा स्वीकृत प्रतिष्ठानको विनियमावली बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम जनशक्तिको पदपूर्ति नभएसम्म मन्त्रालयलको मौजुदा जनशक्तिबाट नै मन्त्रालयले कामकाज गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२२. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** (१) समितले प्रत्येक बर्ष प्रतिष्ठानले गरेको प्रमुख काम, प्रतिष्ठानको नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धी तथा लागत र बार्षिक खर्चको विवरण उल्लेख गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन मन्त्रालय आफैले वा मन्त्रालयको निर्देशनमा प्रतिष्ठानले सार्वजनिक गर्नु पर्नेछ ।

२३. निर्देशन दिन सक्नेः प्रदेश सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२४. प्रदेश सरकारसँग सम्पर्कः प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२५. वाधा अड्काउ फुकाउ : यो नियमावली कार्यान्वयनमा कुनै वाधा अड्चन आईपरेमा मन्त्रालयले यो नियमावलीको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

२६. कार्यविधि/ विनियमावली बनाउन सक्ने : यस नियमावलीको प्रतिकुल नहुने गरी प्रदेश सरकारले प्रतिष्ठानको कार्यविधि/ विनियमावली बनाई लागू गर्न सक्नेछ।

२७. संशोधन र खारेजः यस नियमावली प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

## अनुसूची– १
### (नियम १८ को उपनियम (१) सँग सम्वन्धित)
### कोषबाट रकम माग गर्दा दिनुपर्ने निवेदनको ढाँचा

श्रीमान्  कार्यकारी निर्देशक ज्यू,
प्रादेशिक संचार प्रतिष्ठान,
प्रदेश नं.१, .................. ।

विषयः- सहायता पाउँ ।

महोदय,

म निवेदन ...................................... संस्थामा आवद्ध भई सक्रिय रुपमा पत्रकारीता पेशामा रहेकोमा मेरो दुर्घटना/कडा रोग/अशक्तता/ विरामीको कारणले आर्थिक अवस्था कमजोर भएको हुँदा मलाई रु................रकम आर्थिक सहायता पाउन तपसिल वमोजिमको मेरो व्यक्तिगत विवरण सहित यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरण**

१. विरामी/दिर्घरोगी/ अशक्त पत्रकारको नाम,थरः
२. निवेदकको बुवाको नामः
३. निवेदकको आमाको नामः
४. निवेदकको पतिपत्नीको नामः/
५. विरामी/दिर्घरोगी/ अशक्त पत्रकारकोः-

| | | |
|---|---|---|
| स्थायी ठेगानाः | जिल्लाः | गा.पा./न.पा. |
| | वडा नं . | टोलः |
| ६. हालको ठेगानाः | जिल्लाः | गा.पा./न.पा. |
| | वडा नं . | टोलः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

७. नागरिकता नः जारी जिल्लाः जारी मितिः
उमेरः

८. उपचार गराई रहेको वा गराउने अस्पतालको विवरणः

| अस्पतालको नाम | उपचार मिति | खर्च भएको भए सो रकम |
|---|---|---|
| | | |
| | | |

९. यस अघि प्रदेश सरकारबाट सहायता लिए/नलिएको खुलाउनेः-
(प्रदान गर्ने निकाय र रकम खुलाउने, लिएको भए मिति)

१०. सम्पत्ति/ आर्थिक अवस्थाको विवरण
(यस महलमा एका संगोलका परिवारको आय विवरण उल्लेख गर्नु पर्नेछ ।)

| आय विवरण | अनुमानित बार्षिक आयमूल्य | कैफियत (आयको प्रकार खुलाउने) |
|---|---|---|
| (क) घरजग्गाको विवरण/आय | | |
| | | |
| | | |
| (ख) पारिश्रमिक आय | | |
| | | |
| (ग) व्यवसायिक आय | | |
| | | |
| (घ) अन्य आय | | |
| जम्मा आय | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

११. सवारी साधन र अन्य भौतिक सम्पत्तिको विवरणः
(क) कार/ जिप/ मोटरसाईकल लगायतका अन्य

१२. उपचार तथा अन्य सहायता माग गर्नु पर्नाको कारणः
...............................................................................................
...............................................................................................
...............................................................................................

१३. आफूले पत्रकारीता पेशा प्रति पुऱ्याएको योगदान बारे उल्लेख गर्नेः
...............................................................................................
...............................................................................................
...............................................................................................

उपरोक्त व्यहोराहरु ठीक साँचो छ। यस नियमावली बमोजिमको सहायता पाउने प्रयोजनका लागि मैले कुनै कुरा लुकाएको छैन। कुनै कारणबाट उपरोक्त व्यहोरा झुठो प्रमाणित हुन आएमा प्रदेश सरकारबाट लिएको यस नियमावली बमोजिमको सहायता रकममा थप प्रतिवर्ष दश प्रतिशत थप गरी कोषमा रकम जम्मा गर्न मेरो मञ्जुरी छ।

<u>निवेदकको</u>

नाम, थरः

दस्तखतः

परिचयपत्र नं.

परिचयपत्र जारी गर्ने संस्था/मिति:

आवद्ध संस्था :

सम्पर्क नं.

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची– २

**(नियम १९ को उपनियम (१) खण्ड (घ) संग सम्बन्धित)**

कडारोगहरुको उपचार सहुलियत विवरण

| क्र. सं. | रोग | सहुलियत विवरण | सहुलियत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मृगौलारोग | मृगौला प्रत्यारोपण | रु. १ लाखसम्म | |
| | | अल्पकालीन रुपमा मृगौलाले काम नगरेको विरामीलाई डायलायसिस वापत | रु. ५० हजार सम्म | |
| | | Acute Glumerulo Nephritis, Nephrotic Syndrome का साथै दुवै मृगौला फेल भइ डायलाइसिस तथा प्रत्यारोपण गर्न नमिल्ने वा नपर्ने विरामीलाइ औषधी उपचार तथा प्रयोगशाला वापत | रु. ५० हजार सम्म | |
| | | मृगौला प्रत्यारोपण पश्चात औषधि सेवन | रु. ५० हजार सम्म | |
| | | अंगदाता र ग्रहणकर्ताको प्रयोगशाला (HLA TEST) शुल्क | वढीमा रु. २५ पच्चिस हजार सम्म | |
| | | हेमोडायलाईसिस बढीमा हप्ताको दुई सेसन र सो भन्दा बढी गर्नुपर्ने अवस्थामा चिकित्सकको कारण सहितको प्रिस्क्रिप्सन अनिवार्य हुनु पर्नेछ। | प्रति सेसन रु. १३०० सम्म | |
| | | सेरोपोजेटिभ(संक्रमित) भएका विरामिहरु लाई डायलाइसिस उपचार सेवा वापत प्रति सेसन सोधभर्ना | रु. २००० सम्म | |
| | | पेरिटोनियल डायलाइसिस प्रति विरामी महिनाको अधिकतम ९० प्याकेट सम्म। | तोकिए वमोजिम | |
| २ | मुटुरोग | १. विभिन्न प्रकारका मुटुरोग जस्तैः | रु ५० हजार | |

| | | | | |
|---|---|---|---|---|
| | | महाधमनिको शल्यक्रिया गर्नुपर्ने विरामी<br>२. मुटुमा पेश मेकर तथा स्टेन्ट राख्नु परेमा, मुटुको एव्लेशन गर्नुपरेमा, भल्व पूर्णरुपमा क्षति भएको या मुटु फेल भएको उपचारकालागि | सम्म | |
| ३ | क्यान्सर | विभिन्न प्रकारका क्यान्सर रोग, ती सम्वन्धी शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापि, रेडियोथेरापि, औषधी, औषधिजन्य सामग्री, शैंया तथा सेवा शुल्कहरु | रु. ५० हजार सम्म | |
| ४ | पार्किन्सन्स | पार्किन्सन्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैंया तथा सेवा शुल्कहरु | रु. ५० हजार सम्म | |
| ५ | अल्जाइमर | अल्जाइमर रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैंया तथा सेवा शुल्कहरु | रु. ५० हजारसम्म | |
| ६ | स्पाइनल इन्जुरी | दुर्घटनाजन्य र चोटपटकजन्य बिरामीहरुलाई शल्यक्रिया, औषधी तथा औषधीजन्य सामाग्रिहरु, थप निदानात्मक सेवा, शैंया सेवा शुल्क | रु. ५० हजारसम्म | |
| ७ | हेड इन्जुरी | दुर्घटनाजन्य र चोटपटकजन्य विरामीहरुलाई शल्यक्रिया, औषधी तथा औषधीजन्य सामग्रीहरु, थप निदानात्मक सेवा, शैंया सेवा शुल्क तथा पुनर्स्थापना सेवाका लागि समेत | रु. ५० हजारसम्म | |
| ८ | कलेजो | कलेजो रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैंया तथा सेवा शुल्कहरु | रु. ५० हजारसम्म | |

| | | | | |
|---|---|---|---|---|
| ९ | अप्लाष्टिक एनिमिया | अप्लाष्टिक एनिमिया रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैंया तथा सेवा शुल्कहरु | रु. ५० हजारसम्म | |
| १० | थालिसिमिया | थालिसिमिया रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैंया तथा सेवा शुल्कहरु | रु. ५० हजारसम्म | |
| ११ | मष्तिष्क आघात | मष्तिष्क आघात रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैंया तथा सेवा शुल्कहरु | रु. ५० हजारसम्म | |

स्वीकृत मितिः- २०७७/०२/२१

आज्ञाले,
हरिप्रसाद मैनाली
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np